आज मिति २०७८ साल माघ २३ गते दिनको ३:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

**उपस्थिति**

| क्र.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | [signature] | श्री: धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | [signature] | श्री: मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | [signature] | श्री: मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | [signature] | श्री: दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | [signature] | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | [signature] | श्री: रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | [signature] | श्री: रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | [signature] | श्री: रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | [signature] | श्री: ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | [signature] | श्री: राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | [signature] | श्री: तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | [signature] | श्री: मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | [signature] | श्री: नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | [signature] | श्री: केशवबहादुर खत्री क्षेत्री | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल | वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्रीः सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्रीः ईशा सुनार | सदस्य |
| २०. | | श्रीः अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्रीः बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्रीः प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्रीः वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्रीः लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्रीः लुकुडी चमार | सदस्य |
| २७. | | श्रीः मेघनाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव प्रा. |
| २९. | | श्री माधव ज्ञवाली | स्वा.शा. प्र. |
| ३० | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३१. | | विष्णुलाल पुरी | लै.अ. |
| ३२ | | भरत लम्साल | प.वि.अ. |
| ३३ | | गोपाल चौधरी | सूचना,प्रविधि |
| ३४ | | पिताम्बर सापकोटा | क.१.७. |
| ३५ | | | |

प्रस्तावहरू :

१. नगरसभा सम्बन्धमा
२. योजना परिमार्जन सम्बन्धमा
३. संस्था दर्ता सम्बन्धमा
४. सहकारी एकिकरण सम्बन्धमा
५. कर्मचारी सेवा करार सम्बन्धमा
६. औद्योगिक ग्रामको नमुना पूर्वाधार संरचना निर्माण सम्बन्धमा
७. शसर्त अनुदानको आयोजना संसोधन सम्बन्धमा
८. विविध
(क) कञ्चनगढी क्षेत्रको पर्यटकीय पूर्वाधार संरचना निर्माण सम्बन्धमा
(ख) सिफारिस समिति गठन सम्बन्धमा

नर्णयहरू:

नि.नं १: नवौं नगरसभा बैठक मिति ०७८/११/ ०१ गते विहान १०:०० बजे नगरपालिका सभाहलमा बस्ने गरी आवश्यक तयारी प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

नि.नं २:

नवौं नगरसभाबाट परिबर्तन गर्नुपर्ने योजनाहरूको विवरण सवै वडा समितिहरूले निर्णय गरि अविलम्व पेश गर्ने निर्णय गरियो ।

नि.नं ३:

दाउन्नेदेवी खानेपानी तथा जल उपभोक्ता संस्था, बर्दघाट-१५ नवलपरासी र कर्मैया लगुनाहा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था बर्दघाट-३ कर्मैया लगुनाहा बाट संस्था दर्ताको लागि निवेदन पेश भएको र बर्दघाट नगरपालिकाको खानेपानी उपभोक्ता संस्था एवं सिंचाई कूलो उपभोक्ता समिति दर्ता कार्यविधि, २०७८ अनुसारका कागजात पुरा भएको देखिएकोले बर्दघाट नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्न आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ४:

बर्दघाट नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र सञ्चालनमा रहेका हाम्रो बचत तथा ऋण सहकारी संस्था लि., बर्दघाट-२, नवलपरासी र एकता महिला बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट-१६ नवलपरासीलाई साविक भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको च.नं २२६, मिति ०७७/११/२१ गतेको पत्र तथा बर्दघाट नगरपालिकाको एकिकरण कार्यविधि, २०७६ अनुसारको प्रकृया समेत पुरा भएको आधारमा एकिकरणको लागि स्वीकृती दिने निर्णय गरियो ।

नि.नं ५:

प्रदेश सरकार बाट हस्तान्तरित कार्यक्रम अन्तरतग चालु आ.व.को वार्षिक कार्यक्रम अन्तरतग कृषि पशुपंक्षी अधिकृत जनशक्ति करार शिर्षकमा रू ४,८४,०००।०० विनियोजन भएकोमा कृषि अधिकृतको सेवा करर गर्ने प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ६:

विषेश आर्थिक क्षेत्र प्राधिकरणको च.नं २५४, मिति ०७८/१०/१४ को पत्रानुसार चालु आ.व. ०७८/०७९ मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्रका तोकिएका औद्योगिक ग्रामको नमुना पूर्वाधार संरचना निर्माण कार्यको लागि मन्त्रालयको मिति ०७८/०९/२५ को सचिवस्तरिय निर्णयअनुसार यस नगरपालिका छनौट भएको साथै गत आ.व. देखी DPR तयार गरी मन्त्रालयबाट प्राप्त भएको बजेटबाट कम्पाउण्ड वाल निर्माणको कार्य भैरहेको वडा नं ५ सखुवानीमा रहेको नदि उकाश क्षेत्रमा उद्योग ग्राम स्थापना गर्ने सन्दर्भमा थप पूर्वाधार संरचना निर्माणको कार्य अगाडी वढाउन र गत वर्ष ठेक्काबाट बचेको रकमबाट पुन ठेक्का प्रक्रिया अगाडी वढाउनको लागि समेत आवश्यक स्वीकृतिको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र विषेश आर्थिक क्षेत्र प्राधिकरण काठमाण्डौलाई लेखी पठाउने साथै उक्त नमुना उद्योग ग्राम स्थापना क्षेत्रमा तटबन्धन र कम्पाउण्ड वाल लगायतका संरचना निर्माणको लागि आवश्यक बजेट सहयोगको लागि लुम्विनी प्रदेश सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं ७ः

लुम्बिनी प्रदेश आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट सशर्त अनुदानको आयोजना संसोधन सम्बन्धमा लेखिएको मिति ०७८।०१।१८ च.नं ५४७ को पत्रानुसार **बर्दघाट १ को हाटबजारको दुर्गा मन्दिर पर्खालिय निर्माण** आयोजनामा स्वीकृत बजेटको सिमामा रही **दुर्गा मन्दिरको जग्गामा हाट बजारको भवन निर्माण वडा नं १** योजना कार्यान्वयन गर्न लेखि आएको हुँदा सोही अनुसार योजना कर्यान्वियन प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ८ः

(क) **कञ्चनगढी क्षेत्रको** पर्यटकीय पूर्वाधार निर्माण गर्नको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र यस नगरपालिकाको साझेदारीमा योजना कार्यान्वयन गर्न रू ४,५६,००,०००।०० को अख्तियारी प्राप्त भएको र विधुतिय वोलपत्र मार्फत सूचना प्रकाशन गरी ठेक्का पट्टाबाट उक्त योजना कार्यान्वयन गर्ने सन्भदर्भमा प्रकृतिक धापा जेभी.र यस कार्यालय विच रू ३,२८,१७,११५।१६ मा सम्झौता भएकोमा उक्त सम्झौताको समयावधि मिति ०७८ फाल्गुण **मसान्त सम्म** रहेको र उक्त समयमा कार्य सम्पन्न गर्न नसकिने भएकोले म्याद थपको लागि सम्बन्धित निर्माण व्यावसायीबाट निवेदन पेश भएकोले ०७९ जेष्ठ मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्न र ठेक्का बाट बचेको रकम बाट पुनः ठेक्का आव्हान गरी सोही योजनाको बाँकी कार्य गर्न आवश्यक अनुमतीको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

(ख) बर्दघाट प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको ऐन -२०७६ को दफा (८) बमोजिम (१) प्राज्ञ सभाका सदस्यहरूको प्रमुखद्वारा मनोनयन गर्न ऐनमा तोकिए बमोजिमको एउटा सिफारिस समिति गठन गरिनेछ भन्ने उल्लेख भएबमोजिम देहायबमोजिमको पदाधिकारीहरू रहने गरी सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

(क) उप-प्रमुख अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको सदस्य श्री केशव वहादुर खत्री क्षेत्री

(ग) नगर कार्यपालिकाले तोकेको सदस्य श्री कविता रायमाझी

(घ) भाषा, कला, साहित्य, संस्कृतिको क्षेत्रमा ख्याति प्राप्त व्यक्ति मध्ये प्रमुखले तोकेको सदस्य श्री गोपाल सिं आले

(ङ) भाषा, कला, साहित्य, संस्कृतिको क्षेत्रमा ख्याति प्राप्त व्यक्ति मध्ये प्रमुखले तोकेको सदस्य श्री सरिता खनाल (भूसाल)